## आर्थिक वर्ष २०८०/८१ को

# नीति तथा कार्यक्रम

**आठविसकोट नगरपालिका**

**रुकुम (पश्चिम)**

**कर्णाली प्रदेश, नेपाल**

**२०८०**

आठविसकोट नगरपालिका, रुकुम (पश्चिम)

**नगर सभाको बैठकमा मिति २०८० साल असार १० गते आइतवार**
**नगर प्रमुख श्री रवि के.सी. ले प्रस्तुत गर्नु भएको**

# आर्थिक वर्ष २०८०/०८१ को

# नीति तथा कार्यक्रम

**आठविसकोट नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**रुकुम (पश्चिम), कर्णाली प्रदेश**
**नेपाल**
**२०८०**

आठविसकोट नगरपालिका, रुकुम (पश्चिम)

**नगर उपप्रमुख ज्यू,**
**प्रमुख प्रशासकीय अधिकृत ज्यू,**
**नगर सभाका सदस्यज्यूहरु,**
**सञ्चारकर्मी मित्रहरु, राष्ट्रसेवक कर्मचारी लगाएत उपस्थित सम्पूर्ण महानुभावहरु ।**

१. आठविसकोट नगरवासीहरुको गरिमामय प्रतिनिधिमुलक संस्था आठविसकोट नगर सभामा आठविसकोट नगरपालिकाको आ. व. २०८०/८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु । यस अवसरमा नेपालको स्वाधिनता, स्वतन्त्रता र परिवर्तनका लागि भएका जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन लगाएतका विभिन्न जनसङ्घर्षमा शहादत प्राप्त गर्ने महान शहीदप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । वेपत्ता पारिएका यौद्धाहरुको विशेष स्मरण गर्दै घाइते अपाङ्गता भएका यौद्धाहरुप्रति विशेष सम्मान प्रकट गर्दछु ।

२. समाजवादको आधार तयार गर्न आवश्यक पर्ने आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणका लागि विशेष गरी उत्पादनमा वृद्धि, उद्धमशीलताको विकास, रोजगारी सिर्जना र सामाजिक न्याय र गरिबी न्युनिकरणका क्रियाकलापमा यो नीति तथा कार्यक्रम परिलक्षित गरिएको छ ।

३. विगतका वर्षका सफल नीति तथा कार्यक्रमहरुलाई निरन्तरता दिदै कृषि, पशुपालन तथा उत्पादन, उद्धमशीलता, शिक्षा, स्वास्थ्य तथा रोजगारी सिर्जनामा आधारित रही यो नीति तथा कार्यक्रम तय गरिएको छ ।

<u>**उपस्थित नगर सभाका सदस्य ज्यूहरु,**</u>

४. **"किसानको उत्पादन बजारमा, अनुदान किसानको नजरमा"** भन्ने मुल नाराका साथ कृषकहरुले उत्पादन गरेको तरकारी, फलफूल, बालिमा उत्पादन विक्रि परिमाणको आधारमा २५ प्रतिशत पोत्साहन रकम उपलव्ध गराइनेछ ।

५. कृषकहरुले उत्पादन गरेको कृषिजन्य वस्तुको बजार सुनिश्चित गर्नको लागि स्थानीय हाटवजार, कृषि उपज सङ्कलन केन्द्रको व्यवस्था र वेमौसममा पनि भण्डारण गरी विक्रि वितरण गर्नको लागि सुविधा सम्पन्न चिस्यान केन्द्रको व्यवस्था गरिनेछ ।

६. नगरपालिका भित्रका कृषकहरुको उत्पादन विक्रि वितरण सहजताको लागि वाह्य जिल्ला वा विदेशबाट आयातित तरकारी वालिमा ७५ प्रतिशत करको दायरा कायम गरिनेछ ।

७. कृषिको दिगो विकासको लागि धान, गहुँ, मकै, तरकारी र मसला बालिहरुको वीउविजन वृद्धि गर्ने तथा उत्पादन वृहत पकेट क्षेत्र विकास कार्यक्रम सञ्चालन गर्दै उत्पादनमा सहभागी इच्छुक कृषक, कृषि फर्म, कृषि उद्यमी, कृषक समूह, कृषि सहकारीसँग स्थानीय, प्रदेश र संघीय सरकारको सहकार्यमा पकेट, ब्लक विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

आठविसकोट नगरपालिका, रुकुम (पश्चिम)

८. उत्पादन वृद्धि गर्नको लागि उत्पादन सामग्री, पुर्वाधारमा प्राविधिक सेवा उपलव्ध गराउन निजी श्रोत केन्द्र प्रोत्साहन, प्रदेश र संघ सरकारको साझेदारीमा सिँचाई कार्यक्रम र नगरपालिकाको कृषक र प्राविधिकहरु तथा स्थानीय स्तरमा निजी प्राविधिक सेवा प्रदायक एग्रोभेटहरुको क्षमता विकास गरी परिचालन गर्ने व्यवस्था गरिनेछ।

९. कृषक पाठशाला स्थापना गरी किसानलाई व्यवसायिक तालिमको व्यवस्था गरिनेछ।

१०. किसानले उत्पादन गरेका वस्तु बजारसम्म पुर्याउन कृषि एम्बुलेन्स खरिद गरी सञ्चालन गरिनेछ।

११. कृषि उत्पादनमा हुने जोखिम न्युनिकरण गर्नको लागि असिना, रोग, किरावाट वालिनालिमा हुने आकस्मिक क्षतिको सम्वोधन, अनुदान कार्यक्रममा विमा अनिवार्य गरिने र सवै कृषिजन्य उत्पादनमा वीमा बनाउन प्रोत्साहन तथा कृषकको उत्पादनको न्युनतम समर्थन मुल्य समायोजन कार्यक्रम सुरुवात गर्ने व्यवस्था गरिनेछ।

१२. कृषकहरुलाई सम्मान र कृषि पेशालाई मर्यादित बनाउनको लागि उत्कृष्ठ कृषक, समुह र सहकारी संस्थालाई **मेयर उत्कृष्ट कृषि पुरस्कार** तथा **किसान कार्डको** व्यवस्था गरिनेछ।

१३. वैज्ञानिक खेती गर्नको लागि माटोको उर्वरा शक्ति कायम राख्दै माटो परिक्षण ल्याव सेवा, कम्पोष्ट मल तथा **ढैचाको विउविजन वृद्धि ,भर्मिकम्पोष्ट र बायोचार निर्माण** कार्यक्रम सञ्चालनमा ल्याई दिगो कृषि उत्पादनको सुनिश्चिता गरिनेछ।

१४. **प्राङ्गारिक उत्पादनमा वृद्धि, आठविसकोट नगरपालिकाको समृद्धि** भन्ने नाराको साथ प्राङ्गारिक मल, गोठेमल, जैविक विषादी उत्पादनमा तालिम तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।

१५. खेतियोग्य जमिन बाँझो नराख्न आवश्यक कार्यक्रम सञ्चालन  गरिनुका साथै खेतीयोग्य जमिन बाँझो राखेमा उपयुक्त कार्यविधि बनाई कारवाही गरिने व्यवस्था मिलाइने छ।

१६. कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्नको लागि लागत न्युनिकरण गर्न कृषि यन्त्र उपकरणको प्रयोगमा कृषकलाई सक्षम बनाउन कृषि यन्त्र उपकरणमा ७५ प्रतिशत अनुदान उपलव्ध गराईनेछ।

१७. कृषकको घर खेतमा प्राविधिक सेवा र कृषिमा पहुँच पुर्याउनको लागि भौतिक संरचना सहितको एक वडा एक कृषि प्राविधिकको व्यवस्था गरिनेछ।

१८. कृषि उत्पादन वृद्धि गर्न  खेतीयोग्य जमिनलाई गरा सुधार गरी पानी र प्रविधीयुक्त बनाउन समेत पहल गरिनेछ।

१९. सवै वडामा आधारभूत पशु तथा कृषि सेवा केन्द्र स्थापना गरिनेछ।

२०.पशुपालन व्यवसायलाई व्यवसायिककरण, आधुनिकिकरण, विविधिकरण, यान्त्रिकिकरण गरी आयात प्रतिस्थापन गर्ने र आत्मनिर्भर बनाउने, खसी/बोका, लोकल कुखुरा र दुग्धजन्य पदार्थको निर्यात दर बढाउने , रोजगारी सिर्जना  गर्ने तथा पशुपालनलाई सम्मानित पेशाको रुपमा विकास गरिनेछ।

२१.पशु सेवा केन्द्रमा कल सेन्टर (टोल फ्रि सेवा) स्थापना गरी कृषकको खोर गोठमा पशु सेवा प्राविधिक कार्यक्रम सञ्चालन गरिनेछ।

२२.नगरपालिकामा सबै घरघरमा उपचार सेवा पुर्याउनको लागि एक वडा एक पशु सेवा प्राविधिक व्यवस्था गरी कृषकको घरदैलोमा उपचार सेवा उपलब्ध गराइनेछ।

२३.पशुपालन पकेट क्षेत्रको स्थापना गरी पशुपन्छी श्रोत केन्द्रको रुपमा विकास गर्ने साथै पशुपन्छी तथा पशुपन्छीजन्य बस्तु, दुध, अण्डा, मासुको उत्पादनमा वृद्धि गरिनेछ।

२४.व्यवसायिक पशुपालन क्षेत्रमा युवाको आकर्षण बढाउन, पुराना फर्मको सुरक्षा तथा नयाँ फर्मको स्थापना र विस्तारमा उत्प्रेरित गर्न **नगर प्रमुख युवा लक्षित फर्म प्रवर्द्धन कार्यक्रम**लाई (बाख्रा, भैसी,माछा, कुखुरा र बंगुर) निरन्तर  विस्तार गरिदै लगिनेछ।

२५. पशुपन्छीमा फैलिने महामारी रोगहरुको उपचारका लागि उपचार सेवामा तत्काल आवश्यक औषधि सहित पशु स्वास्थ्य प्राविधिकहरुलाई परिचालन गरिनेछ।

२६. पशु आहारा सुधार गर्न तथा उत्पादनमा लागत कम गराउन, स्थानीय स्तरमा दाना बनाई प्रयोग गर्न घाँस खेती, घाँसको श्रोत विस्तार गर्न घाँसको नर्सरी व्यवस्थापन गर्ने जस्ता कार्यक्रमलाई जोड दिइनेछ।

२७. देशैभरी फैलिएको रेविज रोग नियन्त्रण गर्नको लागि बाह्रै महिना पर्याप्त मात्रामा रेविज खोप उपलब्ध गरिनेछ।

२८. हाल गाई/भैसीमा माहामारीको रुपमा फैलिएको लम्पी स्किन रोग, भेडाबाख्रामा लाग्ने पि.पि.आर. रोग , खोरेत रोग र कुखुराका खोपहरु उपलब्ध गरिनेछ।

२९. हाल माहामारी लम्पी स्किन रोगले गाई गोरु क्षत/विच्छेद भएको हुनाले स्थानीय गाई प्रवर्द्धन कार्यक्रमलाई विस्तार गरिनेछ।

३०.कृषकले उत्पादन गरेको आधारमा कृषक प्रोत्साहन कार्यक्रमलाई विशेष जोड दिइनेछ।

३१.कृषि तथा पशु सेवा भवन निर्माणको लागि जग्गा खरिद तथा भवन निर्माण कार्य तत्काल लागू गरिनेछ।

३२. वन्यजन्तु संरक्षणको लागी चोरी सिकारी नियन्त्रण गरी पानीको श्रोत नभएको स्थानमा पोखरी निर्माण गरिनेछ।

३३. विशिष्ट जातका पंन्छीपालन (कालिज, लौकाट र टर्की) जस्ता कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

३४. पशुपालन गर्ने कृषकलाई व्यवसायिक बनाउन पालिकास्तरमा र  स्थलगत रुपमा तालिम लिने व्यवस्था मिलाइनेछ।

३५. शैक्षिक गुणस्तर परिक्षण केन्द्र खारेज गरी शैक्षिक गुणस्तर सुधारको लागि शिक्षकलाई शिक्षण अवलोकन, प्रविधिमैत्री सीप विकास, नमूना शिक्षण अभ्यास र पुनर्ताजकीय तालिमको व्यवस्था गर्न आवश्यक नीति लिइनेछ।

३६. सामुदायिक विद्यालयहरुमा खुल्ला प्रतिस्पर्धा मार्फत प्रधानाध्यापक छनौट गरिनेछ।

३७.  सामुदायिक विद्यालयहरुमा विद्यालय क्षेत्र सुधार कार्यक्रम सञ्चालन गरिनेछ।

३८.सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको लागि नियमित स्वास्थ्य जाँच, प्राथमिक उपचार र स्वास्थ्य सचेतना लगायतका  कार्यक्रम सञ्चालन गरिनेछ।

३९.विद्यार्थीको अन्तर्निहित प्रतिभाको प्रष्फुटन गराउने वातावरण सिर्जना गरिनेछ । जसको लागि प्रतिभा पहिचान कार्यक्रम तर्जुमा गरी लागु गरिनेछ।

४०.राडीज्यूला शिक्षा क्याम्पसलाई दिइदै आएको नियमित अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४१.गुणस्तरिय शिक्षाको लागि विद्यार्थीहरुलाई विद्यालयमा **"ल्याउन, टिकाउन र सिकाउन" विद्यालय दिवा खाजा"** को कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्न स्थानीय उत्पादन खाद्य वस्तुलाई अनिवार्य प्रयोगमा ल्याइनेछ।

४२.हरेक सामुदायिक विद्यालयका शिक्षण सिकाइ क्रियाकलापलाई प्रविधिमैत्री बनाइनेछ । जसको लागि क्रमशः हरेक विद्यालयमा विद्युत र आइ. सि.टी .ल्याब स्थापना गरिनेछ।

४३.हरेक विद्यालयलाई पुर्वाधारयुक्त विद्यालय बनाउने कार्यमा जोड दिइ सिकाइमा गुणस्तर सुनिश्चित गरिनेछ। जसको लागि विद्यालय समायोजन कार्यलाई वस्तुगत, व्यवहारिक बनाइ कार्यान्वयनमा ल्याइनेछ।

४४.गुणस्तरीय शिक्षण सिकाइको वातावरण तयार गर्न सवै सामुदायिक विद्यालयहरुमा इन्टरनेट, कम्प्युटर, डिजिटल हाजिरी र CCTV जडान गरिनेछ । साथै सूचना प्रविधिमैत्री शिक्षा बनाउन, सूचनाको विकासलाई अवलम्बन गर्न शिक्षकहरुलाई तालिमको उपयुक्त व्यवस्था गरिनेछ।

४५.विद्यालयको पठन पाठन कार्य योजनावद्ध रुपमा सञ्चालन गर्न स्पष्ट मापदण्ड निर्माण गरिनेछ। जसको लागि हरेक विद्यालयमा पाठ्यक्रम, शिक्षक निर्देशिका, पाठयोजना आदिका आधारमा पठनपाठन कार्य सञ्चालनका लागि आवश्यक व्यवस्था गरिनेछ ।

४६.सामुदायिक विद्यालयमा अभिभावकको सक्रिय सहभागिताको सुनिश्चितता गरिनेछ । जसको लागि अभिभावक शिक्षा कार्यक्रम प्रभावकारी रुपमा लागु गरिनेछ।

४७.प्रधानाध्यापकको  नेतृत्व पुनरावलोकन गरिनेछ। जसको लागि  प्रतिष्पर्धावाट प्रधानाध्यापक नियुक्त गरी कार्यसम्पादनमा उत्कृष्टलाइ प्रोत्साहन गर्ने र कार्यसम्पादन सन्तोसजनक नहुनेलाई दण्ड गर्ने व्यवस्था कडाइका साथ लागु गरिनेछ।

४८.गरिब तथा जेहेन्दार विद्यार्थीलाई उच्च शिक्षासम्म पहुँचको व्यवस्था गरिनेछ । जसको लागि विशेष छात्रवृतिको व्यवस्था गरिनेछ।

४९.अभिभावक  तथा साहाराविहिन विद्यार्थीहरुको लागि पढाइ खर्च व्यहोर्ने व्यवस्था मिलाइनेछ।

५०.शिक्षक तथा कर्मचारीको क्षमता अभिवृद्धि गरिनेछ। जसको लागि पेशागत क्षमता अभिवृद्धि तालिमको व्यवस्था गरिनेछ।

५१.संघीय सरकारको नीति अनुरुप **"शिक्षालाई सीपसँग, सीपलाई श्रमसँग, श्रमलाई रोजगारीसँग, रोजगारीलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोड्न"** का लागि **"पढदै कमाउदै"** कार्यक्रमलाई हरेक माध्यमिक विद्यालयमा प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

५२.श्रमसँग शिक्षा कार्यक्रम बनाई लागु गरिनेछ। सोको लागि प्रत्येक विद्यार्थीलाई फलफूल तथा अन्य विरुवा वितरण गरी श्रम र उत्पादनमा पढाइ जोड्ने नीति लिइनेछ।

५३.सेनेटरी प्याडको प्रयोगलाई थप प्रभावकारी बनाइनेछ। जसको लागि स्थानीय स्तरमा प्याड निर्माणको लागि आवश्यक संयन्त्र तयार गरि कार्यान्वयमा ल्याइनेछ।

५४.आठविसकोट नगरपालिकाको भौगोलिक, सामाजिक, सांस्कृतिक, ऐतिहासिक क्षेत्रको चिनारीको लागि बनेको स्थानीय पाठयक्रम **"मेरो आठविसकोट"** कक्षा १-६ सम्म लागु भएकोमा उक्त पाठयपुस्तकलाइ कक्षा ८ सम्म विस्तार गरिनेछ।

५५.**हाम्रो स्कूल राम्रो स्कूल** भन्ने राष्ट्रिय नीतिलाई अंगीकार गर्दै नगरपालिकाको केन्द्र राडिज्यूला र दुर्गम वस्तीको लागि श्री हिमालय माध्यमिक विद्यालय खदीलाई आवासीय सुविधा सम्पन्न स्मार्ट विद्यालय बनाउन संघीय सरकार र प्रदेश सरकारसँगको समन्वयमा अभियान थालिनेछ।

५६.आधारभूत अस्पताल लगायत अन्य स्वास्थ्य संस्था बाट ९८ प्रकारका निःशुल्क औषधी वितरण गरिनेछ।

५७.आकस्मिक स्वास्थ्य सेवा निःशुल्क प्रदान गरिनेछ। आकस्मिक घटना वा आपतकालिन अवस्थामा परी जीवन जोखिमयुक्त अबस्थामा रहेका व्यक्तिहरुको जीवनलाई जोखिमुक्त गर्न जीवन वा अंग गुम्नवाट बचाउन आवश्यक्ता अनुसार दिनुपर्ने प्रारम्भिक तथा तत्काल सेवा दिने नीति लिइनेछ।

५८.गैर सरकारी वा निजि संस्थालाई प्रचलित कानून बमोजिम स्वीकृती दिइ, गैर सरकारी वा नीजि क्षेत्रको लगानी तथा स्वामित्वमा सञ्चालन भएका संस्था वा क्लिनिकलाई आबश्यक नियमन गरिनेछ।

५९.आकस्मिक रुपमा उपचार तथा प्रेषण गर्नका निम्ति आकस्मिक स्वास्थ्य कोष निर्माण गरिनेछ।

६०.आकस्मिक अवस्थाका ब्यक्ति तथा गर्भवती ४२ दिनभित्रको सुत्केरीहरुलाई नगर अस्पतालसम्म पुर्याउन पालिका भरी निःशुल्क एम्वुलेन्स सेवा प्रदान गरिनेछ। जसको निम्ति आवश्यक संयन्त्रको व्यवस्था गरिनेछ।

६१.परम्परागत तथा बैकल्पिक चिकित्सा प्रणालीलाई जोड दिने जडीबुटीको पहिचान गरी उपचारको ब्यवस्था गरिनेछ।

६२.विपन्न तथा द्वन्द्व पिडित परिवारका सदस्यहरुलाई प्राथमिकतामा राखी संघ तथा प्रदेशसरकारको साझेदारीमा नगरपालिकाका सबै घरपरिवारलाई निःशुल्क स्वास्थ्य बीमामा आबद्ध गराइनेछ।

आठबिसकोट नगरपालिका, रुकुम (पश्चिम)

६३.अपाङ्गता भएका व्यक्ति, मनोसामाजिक अपाङ्गता भएका व्यक्ति मानसिक स्वास्थ्य समस्या भएका व्यक्ति र हिंसा प्रभावित व्यक्तिलाइ नेपाल सरकारले अवलम्बन गरेको स्वास्थ्य बीमा कार्यक्रममा क्रमशः समावेश गरि सेवा प्रवाहमा जोड दिइनेछ।

६४.नसर्ने रोगको भारलाई मध्यनजर गर्दै प्रवर्द्धनात्मक तथा जीवनशैली परिवर्तनका लागि योग शिक्षा, योगाहल तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

६५.सेवाको पहुँच पुग्न नसकेका आम नागरिकहरुलाई समेट्ने गरी एकिकृत बृहत स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।

६६.गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा प्यालिएटिभ सेवा प्रदान गर्न क्षमता अभिवृद्धि, जनशक्ति व्यवस्थापन, स्वास्थ्य संस्थाको नियमित अनुगमन मूल्याङकन गर्न आवश्यक नीति लिइनेछ। भौतिक पूर्वाधार निर्माण र आवश्यक उपकरणको ब्यवस्थापन पनि गरिनेछ।

६७.स्यालाखदी र गोतामकोट क्षेत्रमा बिरामीहरुको सहजताको लागि थप एम्वुलेन्स व्यवस्थान गरिनेछ।

६८.आकस्मिक अवस्थामा आवश्यक पर्ने रगत लिने/ दिने व्यवस्था मिलाउनका लागि सम्पूर्ण नागरिकहरुको रक्त समुह पहिचान गरिनेछ।

६९.राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वंयसेविकाको भुमिकालाई थप प्रभावकारी बनाउन प्रोत्साहन भ्रमणको व्यवस्था गरिनेछ।

७०.प्रसुती केन्द्रमा सुत्केरी हुन आउने आमाहरुलाई उचित खानपान सहितको सुत्केरी आमा घर निर्माण गरिनेछ।

७१.सम्पूर्ण स्वास्थ्य संस्थाहरुको सेवालाई डिजिटलाईजेशन गरिनेछ।

७२.निर्देशिका अनुसार २४ पटक वृद्धि अनुगमन गरेका बालवालिकाहरुलाई प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ।

७३.गोतामकोट स्वास्थ्य चौकीलाई सुरक्षित तथा व्यवस्थित प्रसुती सेवा प्रदान गर्नका लागि भौतिक पूर्वाधारको निर्माण गरिनेछ। साथै दुर्गम क्षेत्रका वस्तीलाई मध्यनजर गर्दै थप वडाहरुमा प्रसुति सेवा विस्तारको नीति लिइनेछ।

७४.सामुदायिक महिला स्वास्थ्य स्वंयसेविकाहरुलाई महिला सामुदायिक स्वास्थ्य स्वंमसेविका रणनिति,२०७६ अनुसार व्यवस्थित गर्ने र ६० वर्ष पुगेकालाई सम्मानजनक बिदाई गरिनेछ।

७५.खोप केन्द्रमा खटिने स्वास्थ्यकर्मी तथा सामुदायिक महिला स्वास्थ्य स्वंमसेविकाहरुलाई खाजा खर्चको व्यवस्था गरिनेछ।

७६.आठविसकोट नगर अस्पतालबाट विशेषज्ञ सेवा दिनका निम्ति दुर चिकित्सा सेवा (Telemedicine) लाई थप ब्यवस्थित गरी निरन्तरता दिइनेछ।

७७.प्रकृतिका कारण मानव स्वास्थ्यमा प्रभाव पार्ने कुनै पनि रासायनिक, जैविक, जलवायु परिवर्तनजन्य मनोसामाजिक, शारीरिक, भौतिक तथा स्वास्थ्य उपचारका वेला स्वास्थ्यकर्मीलाई हुने स्वास्थ्य

आठबिसकोट नगरपालिका, रुकुम (पश्चिम)

जोखिमलाई समेत न्यूनिकरण गर्न आवश्यक नीति निर्माण गरिनेछ। स्वास्थ्यकर्मीको जोखिम भत्ता तथा अस्पतालको फोहोरमैलाको उचित ब्यवस्थापन लगायतका कार्य गरिनेछ।

७८.६० वर्ष माथिका ज्येष्ठ नागरिकलाई आठविसकोट नगर अस्पतालबाट उपचारात्मक सेवामा लाग्ने शुल्कबाट ५० प्रतिशत छुट गरिनेछ।

७९.गम्भीर प्रकृतिका रोग लागेका व्यक्तिहरुलाई मृत्युवरण गर्न सहज वनाउनका निम्ति प्यालिएटिभ सेवा युनिट आठविसकोट नगर अस्पतालमा स्थापना गरिनेछ।

८०.आठविसकोट नगर अस्पतालबाट गुणस्तरीय सेवा प्रवाह गर्न आवश्यक उपकरण, जनशक्ति (MDGP doctor) व्यवस्थापन, दन्त सेवा तथा प्रविधिमैत्री ल्याव सेवा विस्तार गरिनेछ।

८१.आठविसकोट अस्पतालबाट पोष्टमार्टम सेवा उपलब्ध गराउन आवश्यक व्यवस्था गरिनेछ।

८२.मानसिक तथा मनोसामाजिक समस्या भएका सम्पूर्ण नागरिकलाई आठविसकोट नगर अस्पतालबाट आधारभूत उपचार र मनोसामाजिक परामर्श निःशुल्क प्रदान गरिनेछ।

८३.**"पोषणमैत्री स्वास्थ्य तथा पोषणमैत्री स्थानीय शासन"** घोषणा प्रक्रियाको लागि आवश्यक योजना बनाइने छ।

८४.सम्पूर्ण स्वास्थ्य संस्थाहरुको सेवामा गुणस्तर सुनिश्चित गर्न नियमित अनुगमन,न्यूनतम सेवा मापदण्ड मूल्यांकन, आवश्यक उपकरण तथा दक्ष जनशक्ति व्यवस्थापन गरिनेछ।

८५.क्षयरोग र कुष्ठ रोगमुक्त नगरपालिका घोषणा गर्न आवश्यक क्रियाकलाप सञ्चालन गरिनेछ।

८६.नगरपालिकाको सार्वजनिक स्थानहरुमा सुर्तिजन्य पदार्थ, मध्यपान तथा धुम्रपान सेवन निरुत्साहित गर्न र न्यूनिकरणका निम्ति आवश्यक प्रक्रिया अगाडि बढाइनेछ।

८७.सून्य होम डेलिभरीको अवधारणालाई अवलम्वन गरिनेछ।

८८.विपद् ब्यवस्थापन तथा स्वास्थ्य सम्बन्धी जनचेतना अभिबृद्धि गर्न विपद् तथा महामारीको सामना गर्न पूर्व तयारीको व्यवस्था गरिनेछ।

८९.विपद्को समयमा स्वास्थ्य सेवा सुनिश्चत गर्न द्रुत प्रतिकार्य टोली व्यवस्था गरि परिचालन गरिनेछ।

९०.समुदायमा सचेतना अभिबृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गर्न सहजिकरण गरिनेछ।

९१.स्वास्थ्य संस्थाहरुमा क्रमशः बालमैत्री, पोषणमैत्री, किशोरकिशोरी तथा अपाङ्गतामैत्री लगायतका सेवा विस्तार गरिनेछ।

९२.मनोसामाजिक सुस्वास्थ्यको प्रवर्द्धन गर्न तथा मानसिक रोग प्रतिको गलत धारणा, अन्धविश्वास, भ्रम र मिथ्याकथन हटाउन विद्यालय र समुदायस्तरमा जनचेतना अभिवृद्धि गरिनेछ।

९३.मानसिक स्वास्थ्य समस्या भएका व्यक्ति, मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुलाइ आधारभूत स्वास्थ्य सेवा नीतिले अवलम्बन गरे अनुसार मानसिक स्वास्थ्य सेवामा सहज, सुलभ र समान पहुँच सुनिश्चित गरिनेछ। सोको लागि आवश्यक स्रोत, साधन, जनशक्ति र संयन्त्रको ब्यवस्थापन क्रमश गर्दै लगिनेछ।

आठविसकोट नगरपालिका, रुकुम (पश्चिम)

९४.मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई आवश्यक पर्ने औषधी र मनोपरामर्श सेवा नगरपालिकाले निःशुल्क उपलब्ध गराउनेछ । अपाङ्गता भएका व्यक्तिहरुलाई पनि स्वास्थ्य सेवाबाट उपलब्ध गराईने सेवामा पहुँच बढाउनको लागि अपाङ्गतामैत्री संरचना लगायत पहुँच बढाउने खालको प्रविधि विकासमा जोड दिईनेछ ।

९५.मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूलाई प्रचलित कानून र निर्देशिकाको अधिनमा रही अपाङ्गता परिचय पत्र वितरण गरिनेछ ।

९६.आत्महत्या रोकथाम, न्युनिकरण गर्न विभिन्न सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

९७.मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरूलाई समाजले हेर्ने दृष्टिकोणमा सकारात्मक परिवर्तन ल्याउन र निरन्तर उपचारमा सहयोग गर्नको लागि आयआर्जन गतिविधिहरुमा समावेश गरिने छ ।

९८.मनोसामाजिक सहयोग र मानसिक स्वास्थ्यको क्षेत्रमा काम गर्ने गैरसरकारी संस्था, सरकारी संस्था तथा निजी क्षेत्रसँग बहुपक्षीय र बहुक्षेत्रीय समन्वय र सहकार्य गरिनेछ ।

९९. मानसिक सन्तुलन गुमाई बेवारिसे बनेका व्यक्तिहरुलाई आवश्यक समन्वय गरी उपचारको दायरामा ल्याइनेछ ।

१००. सार्वजनिक सेवा प्रवाहलाई सहज बनाउन आफ्नै भवन नभएका वडा कार्यालय र अन्य सरकारी संरचनाको भवन निर्माण कार्य अगाडि बढाइनेछ ।

१०१. नगरपालिकाको गौरबको आयोजनाको रुपमा विकास गर्न राडी, दाजे, खदी बारङ्गे सडक निर्माणको लागि प्रदेश र संघीय सरकारसँग आवश्यक पहल गरिने छ । साथै मोटर बाटो पुग्न नसकेका पाँटागाउँ, पहाडा, छिमी लगाएतका दुर्गमका वस्तीहरुमा मोटर बाटो पुर्याउन उपयुक्त नीति लिइनेछ ।

१०२. नगरपालिकाका विभिन्न क्षेत्रमा आवश्यकता बमोजिम सार्वजनिक शौचालयहरु निर्माण गरिने छ । विपन्न परिवारका लागि शौचालय सुधारको नीति लिइनेछ ।

१०३. सेवा प्रवाह भौतिक पूर्वाधार लगायतका क्षेत्रमा गुणस्तरियता कायम गरी स्मार्ट नगरपालिका बनाउने उद्देश्यका साथ हरेक वर्ष एक/एक वडालाई नमूना वडाका रुपमा घोषणा गरी कार्यक्रम अगाडि बढाइनेछ । आ व २०८०/८१ मा वडा नं १२ लाई नमूना वडा घोषणा गरी कार्यक्रम लागु गरिने छ ।

१०४. सुरक्षित नागरिक आवास व्यवस्थापन गर्ने आवश्यकताका आधारमा वडागत रुपमा कार्यक्रम लागु गरिनेछ । गत आर्थिक वर्षहरुमा जस्तै यस आर्थिक वर्षमा पनि **फुसको छानामुक्त** कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१०५. नगरपालिकाको प्रवेशद्वारहरुमा नगरपालिकाको चिनारीसहितको प्रवेशद्वार निर्माण गरिनेछ ।

१०६. नगरपालिकामा शहिदहरुको सम्झना स्वरुप **शहिद स्मृति प्रतिष्ठान भवन** निर्माण गरिनेछ ।

१०७. विपन्न घर परिवारलाई आवासको व्यवस्था गर्न आवश्यक बजेटको व्यवस्था गरी उक्त कार्यक्रम सञ्चालित वडाका कार्यक्रमलाई निरन्तरता दिदै नयाँ आवास निर्माण कार्य थालनी गरिनेछ ।

१०८. खारखारा, सालागार, झिन्चौर, कालाखोला, जलिगार दाङ, साजेबगर, साइकुमारी लगायतका ठाउँमा मोटरेवल पुल निर्माणका लागि पहल गरिनेछ ।

आठबिसकोट नगरपालिका, रुकुम (पश्चिम)

१०९. फोहरमैला व्यवस्थापनका लागि विस्तृत परियोजना प्रतिवेदन(DPR) तयार भएको आधारमा ल्याण्डफिल्ड साइट निर्माणको प्रक्रिया थालिनेछ।

११०. सामुदायिक तथा महिला भवन निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

१११. नगरपालिका क्षेत्रमा सञ्चालन हुने हरेक आयोजनाहरुमा जनसहभागिता बनाउन योजना प्रभावित क्षेत्रका वासिन्दालाई अनिवार्य श्रमदानमा सहभागि गराइनेछ। साथै सबै जनप्रतिनिधीहरु हरेक महिनाको एक दिन अनिवार्य श्रमदानमा सहभागी हुने नीति लिइनेछ।

११२. राडीबजार र सिमबजार क्षेत्रलाई व्यवस्थित बजार बनाउनका लागि DPR गरी टाउन प्लानिङ गरिने छ।

११३. **राडीज्यूला- सिमबजार- गोतामकोटमा** सडक कालोपत्रे गर्ने कार्यको गुणस्तरता कायम राख्न निरन्तर निगरानी राख्दै बाँकी सडक पनि कालोपत्रे गर्न आवश्यक पहल गरिनेछ।

११४. **इलाका प्रहरी कार्यालय, आठविसकोटको** भवन निर्माण गर्न आवश्यक पहल गरिनेछ।

११५. नगरपालिका भित्र मनाइने पर्व, मेला, जात्रा, महोत्सव जस्ता साँस्कृतिक तथा धार्मिक सम्पदाहरुको संरक्षण सम्वर्द्धन र व्यवस्थापन गरिने कार्यक्रम सञ्चालन गरिनेछ।

११६. नीजि क्षेत्र, सहकारी र सरकारी क्षेत्रको सहलगानीमा पर्यटकीय सम्भावना भएका क्षेत्रमा **होमस्टे** सञ्चालन गरिनेछ।

११७. नगरपालिका भित्र रहेका धार्मिक, साँस्कृतिक, ऐतिहासिक र पर्यटकीय संभावना बोकेका क्षेत्रको DPR तयार गरी पर्यटकीय स्थलको विकास गर्न पहल गरिनेछ।

११८. संघ र प्रदेश सरकार समेतको समन्वयमा झारमारे, साईकुमारी, काँडा दह, सिस्ने हिमाल, सम्पेताल, नयाँडाडा, चित्रीपाटन, मैडाडा, विजारे, रातामाटा, मैराजे, बन्चरे, मौराखारा, साततले गुफा, लामकाने गुफा, कुरेपानी र ठूलाकोट दरवार क्षेत्र लगायतका पर्यटकीय स्थलमा आवश्यक पर्यटनका पूर्वाधारहरु विकास गरिनेछ।

११९. आत्रेऋषि, शाइकुमारी, बिजारे, शिद्ध मन्दिर, लगाएतका धार्मिक महत्व बोकेका मठमन्दिरहरुको संरक्षण गर्ने नीति लिइनेछ। साथै चर्च भवन निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

१२०. शाही ढुङ्गा र रिंगाउरामा स्टोन पार्क स्थापनाका लागि आवश्यक पहल गरिनेछ।

१२१. मैडाडाँ, बिजारे, झारमारे, साइकुमारी, काँडा दह, सिस्ने हिमाल, चित्रीपाटन, नयाँडाडा, सम्मे चौर, गोतामकोट हुदै छिमीसम्मको **गुरिल्ला पदमार्ग** निर्माण गरिनेछ।

१२२. नाखिरा दारङ्गे मैनपेल्ने बारी बाटुलीपाटन घाग्रे चाल्ने गुप्तादह वारङ्गे पदमार्गको निर्माण गरी सिस्ने हिमालको मनोरम दृश्य अवलोकन गर्ने व्यवस्था मिलाइने छ।

१२३. नगरपालिकाको चौध वटै वडामा विद्युतको केन्द्रीय लाइन विस्तार गरिने छ।

१२४. बैंकसँग समन्वय गरी सामाजिक सुरक्षा भत्तालाई लाभग्राहीको घरमै वितरण गर्ने व्यवस्था मिलाइने छ।

१२५. अन्तर जातीय विवाह गर्ने जोडीलाई उचित पुरस्कार सहित सम्मान गरिने छ।

१२६. दलित समुदायको परम्परागत सीपको संरक्षण हुनेगरी कार्यक्रम तय गरिने छ।

१२७. नगरपालिकाको विभिन्न वस्तीहरुमा आवश्यकता अनुसार लिफ्ट सिचाइँको आयोजना संचालन गर्न पहल गरिने छ।

१२८. घरेलु उद्योगहरुको प्रवर्द्धन गर्दै सिस्नो पाउडर, अल्लो प्रशोधन र जडिबुटि प्रशोधन उद्योग संचालन गर्न पहल गरिने छ।

१२९. नगरपालिकाका विभिन्न क्षेत्रमा कृषि उपज सामग्री ढुवानी सहज बनाउन सडक नपुगेका ठाउँहरुबाट सडकसम्म सेभेन स्टार जडान गर्न पहल गरिने छ।

१३०. व्यापार व्यवसायलाई मर्यादित बनाउन अनुमति अर्थात व्यवसाय दर्ता गरेर मात्र व्यवसाय संचालन गर्न लगाई मूल्य सूची अनिवार्य राख्न लगाउने व्यवस्था कडाइका साथ लागु गरिने छ।

१३१. आठविसकोट नगरपालिकामा जलवायु परिवर्तन अनुकूलन योजना निर्माण गरी लागु गरिने छ।

१३२. वडा नं ४ र ५ का घरहरुको मौलिक र परम्परागत पहिचान झल्कने गरी सबै घरहरुका छाना स्लेटले छाउने कार्यक्रम संचालन गरिने छ।

१३३. जनयुद्ध जनआन्दोलन तथा विभिन्न आन्दोलनमा सहादत प्राप्त सम्पूर्ण सहिदहरुको सम्झनामा सहिद गेट शालिक र युद्ध स्मारकहरु निर्माण गर्ने नीति लिइनेछ।

१३४. संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना र व्यवस्था परिवर्तनमा योगदान पुऱ्याउने पूर्व जनमुक्ति सेनाका घाइते तथा अपाङ्गलाई सम्मान तथा रोजगारीमा जोड्ने नीति लिइनेछ।

१३५. नगरपालिका भित्र निर्माण गरिने भौतिक संरचनाहरुको परिमाणात्मक गुणस्तर कायम हुने व्यवस्था मिलाइनेछ।

१३६. नगरपालिकामा कार्यक्षेत्र भई सञ्चालनमा रहेका सहकारी संस्थाहरुको सुदृढिकरण, प्रर्वद्धन, व्यवस्थापन, अनुगमन तथा नियमन कार्यलाई व्यवस्थित गर्ने नीति लिइनेछ।

१३७. नगरपालिका अन्तर्गत सबै वडाहरुमा गठन भएका मेलमिलाप केन्द्रका मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि गरिनेछ।

१३८. लैंगिक समानता तथा महिला सशक्तिकरण, लैंगिक मुलप्रवाहिकरण र महिला सहभागिता वृद्धि गर्ने नीतिलाई प्रोत्साहन गरिनेछ। सञ्चालित आयोजना तथा कार्यक्रममा कम्तिमा ३३ प्रतिशत महिला र कम्तिमा ५ प्रतिशत अपांगता भएका लक्षित समुदायको सहभागिता सुनिश्चित गरिनेछ।

१३९. जुनसुकै किसिमका महिला हिंसा विरुद्ध कठोर कदम चालिनेछ। महिला हिंसाको प्रमुख कारणको रुपमा रहेको पितृसत्तात्मक सोंच, अशिक्षा, गरिबी, अभाव,अन्धविश्वास पछौटेपन हटाउन **उपप्रमुखसँग महिला** विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

१४०. संविधानले मौलिक हकको रुपमा सुनिश्चित गरेका महिला, दलित, जनजाति, अपांग बालबालिका, विपन्न वर्गसँग सम्बन्धित अधिकारको अक्षरस: कार्यान्वयन गर्न विशेष जोड दिईनेछ।

१४१. असल सामाजिक मूल्य मान्यताको संरक्षण एवं संवर्द्धन गरिनेछ। बालविबाह गर्ने गराउने दुवैलाई कानूनी दायरामा ल्याइनेछ। बालविबाह, बहुविबाह, दाइजो, बोक्सीको आरोप, छुवाछुत एवं अन्य सामाजिक कुरीति अन्त्य गर्न विशेष सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ।

१४२. लक्षित वर्ग क्षेत्र एवं समुदाय केन्द्रित व्यवसायिक एवं सीपमुलक तालिमहरु सञ्चालन गरि त्यस्ता वर्गको सशक्तिकरण गर्ने नीति अबलम्बन गरिनेछ।

१४३. समाजमा कुसंस्कारको रुपमा रहेको बालविबाहलाई न्यूनिकरण गर्न चेतनामुलक कार्यक्रम संचालन गरिनेछ।

१४४. टुहुरा, अनाथ एवं संरक्षण विहीन बालबालिकालाई बैकल्पिक संरक्षणका लागि उचित व्यवस्थापन गर्न पहल गरिनेछ।

१४५. महिला सशक्तिकरणको लागि आवश्यक कार्यविधि बनाइ प्रत्येक टोल तथा वडामा महिला समुह एवं समिति गठन गरी नगरपालिकामा सुचिकृत गर्न कार्यान्वयन गरिनेछ। सुचिकृत सबै समुहलाई अनुशिक्षण तालिम दिइनेछ। प्रत्येक वडामा रहेका महिलालाइ समितिमा आवद्ध गरी आयआर्जन सम्बन्धी तालिम दिइनेछ।

१४६. लैंगिक तथा घरेलु हिंसा न्यूनिकरण गर्न चेतनामुलक कार्यक्रम संचालन गरिनेछ।

१४७. आफ्नै सन्तानको घृणित व्यवहारका कारण अपहेलित र जोखिममा रहेका जेष्ठ नागरिकलाई सम्मानपूर्वक वातावरणमा जिउने अवस्था सुनिश्चित गर्न अन्तरपुस्ता सीप हस्तान्तरण लगायतका चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१४८. अपांगता भएका व्यक्तिलाई सीपमुलक एवं व्यवसायिक तालिम मार्फत रोजगारीका जोड दिइनेछ। छुवाछुत विरुद्धको जनचेतनामूलक कार्यक्रम संचालन गरिने छ। जातिय छुवाछुत, लैङ्गिक हिंसा अन्त्य गर्न प्रभावकारी अभियान सञ्चालन गरिनेछ।

१४९. नगरपालिकाको भौतिक संरचना निर्माणमा गुणस्तर ल्याउन सबै वडामा सिकर्मी/डकर्मी लगायतका सीपमूलक तालिम सञ्चालन गरिनेछ।

१५०. नगरपालिकामा रहेका सबै वन समूहलाई करको दायरामा ल्याइने छ। साथै वन क्षेत्रको अतिक्रमण रोकथामका लागि चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१५१. **Right man is right place** को सिद्धान्त अनुसार एक भन्दा बढि शाखाको जिम्मेवारी नदिने गरी जिम्मेवारी हेरफेर गर्ने व्यवस्था मिलाइनेछ।

१५२. ऐन, नियमावली अनुसार कर्मचारीहरुले आफ्नो आचरण सुधार गरि सेवा प्रवाहमा खटिनु पर्नेछ। जसवापत कर्मचारीको कार्यसम्पादन तथा मुल्याङ्कनको आधारमा उचित प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ।

१५३. संघीय निजामति सेवा ऐन बन्न नसकेको अवस्थामा कर्मचारीहरुको वृत्ति विकास र व्यवस्थापनको लागि स्थानीय ऐन कानून निर्माण गरी लागू गरिनेछ।

१५४. आठविसकोट नगरपालिका वडा नं.१, २ र ३ मा रहेका नगरपालिका अन्तर्गतका कार्यालयहरुबाट सहज सेवा प्रवाह गर्न ती वडा बाहिरबाट जाने कर्मचारीहरुलाई कार्यविधी निर्माण गरी थप प्रोत्साहनको व्यवस्था गरिनेछ। साथै नगरपालिका अन्तर्गत कार्यरत सबै राष्ट्रसेवक कर्मचारीहरुलाई क्षमता अभिबृद्धिको लागि तालिमको व्यबस्था गरिनेछ।

१५५. लामो समय देखि सेवामा रहेका स्थानीय तहमा कार्यरत करार सेवामा रहेका कर्मचारीहरुको नियमानुसार अवकास गर्नु पर्ने अवस्था रहेमा उपयुक्त कानुन बनाई उपदान स्वरुप रकम उपलब्ध गराइने छ ।

१५६. विभिन्न शाखामा आवश्यक पर्ने आधारभूत समाग्री तथा सफ्टवेयरको व्यवस्था गरी सेवा प्रवाहलाई छिटो छरितो र प्रभावकारी बनाउन प्रविधिमैत्री सेवा विस्तारमा जोड दिइने छ ।

१५७. लागुऔषध दुरुपयोग, बाल विवाह न्यूनिकरण लगायतका कार्य रोक्न प्रहरीसँगको साझेदारीमा समुदाय प्रहरी साझेदारी कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

१५८. संघ, प्रदेश र स्थानीय तहको समन्वयात्मक सहकार्यमार्फत कार्य गर्ने गरी जिल्ला प्रशासन कार्यालयको अभिलेख व्यवस्थापन गर्न पहल गरिनेछ ।

१५९. नगरपालिकाको आन्तरिक राजश्व संकलनलाई एकत्रित गरी संकलन गर्ने नीति लिइनेछ । नगरपालिकाका सबै कर संकलन कार्य डिजिटल माध्यमबाट संकलन गर्ने र प्रतिवेदन गर्ने व्यवस्था गरिनेछ । महालेखा नियन्त्रकको कार्यालयको अवधारणा अनुसार नगरपालिकाको कार्यालय र सबै वडा कार्यालयबाट SUTRA को राजश्व मोडलबाट मात्रै राजश्व संकलन गर्ने व्यवस्था गरिने छ ।

१६०. कर तथा गैर कर राजश्व संकलनलाई प्रभावकारी बनाउन नगर प्रहरी थप गरि नगरपालिकाको उपयुक्त स्थानहरुमा कर संकलन केन्द्र स्थापना गरिनेछ । यस कार्यका लागि कर्मचारी तालिमको व्यवस्था हुनुका साथै सो कार्यमा प्रयोग हुने उपकरणको समेत व्यवस्था गरिनेछ ।

१६१. संवैधानिक अधिकार क्षेत्रमा रहेका करका क्षेत्रानुसार संकलन हुने करको दर भन्दा पनि दायरा विस्तारको नीति लिइनेछ । सबैलाई करको दायरमा समेट्ने गरी कर नीति लागू गरिनुका साथै कर शिक्षालाई व्यापक गरिनेछ । कर बाध्यताले नभै रहरले तिर्ने वातावरण सिर्जना गर्न आवश्यक नीति लिइनेछ ।

१६२. नगरपालिका क्षेत्रमा खानिजन्य तथा नदीजन्य पदार्थ उत्खनन र व्यवस्थापनका लागि प्रदेश सरकारसँग समन्वय गरि सबै निर्माण व्यवसायीलाई करको दायरामा ल्याउने नीति लिइनेछ ।मनोमानी तरिकाले भइरहेको वालुवा, ढुंगा, गिट्टी उत्खनन कार्यलाई नियन्त्रण गर्न आवश्यक नीति लिइनेछ ।

१६३. नगरपालिकाका सवै सरकारी कार्यालयहरुबाट सेवा प्रवाहमा चुस्त दुरुस्त बनाउन सूचना प्रविधीमैत्री बनाउने नीति लिइनेछ । जसको लागि सबै सरकारी कार्यालयहरुमा कम्प्युटर, इन्टरनेट, CCTV, डिजिटल हाजिरी लगाएतका उपकरणहरु जडान गरिनेछ ।

१६४. स्थानीय तहबाट प्रदान गरिने सबै सेवालाई सूचना प्रविधीमैत्री बनाउन पहल गरिनेछ ।

१६५. सञ्चारकर्मीको पेशागत हकहित र सुरक्षाका लागि स्थानीय तहमा रहेका संचार माध्यम र संचारकर्मीहरुको क्षमता अभिवृद्धिका लागि प्रोत्साहन गर्नुका साथै विज्ञापन तथा अन्य गतिविधि प्रकाशन प्रशारण गर्न आवश्यक नीति लिइनेछ ।

१६६. नगरपालिकाको समग्र आर्थिक, सामाजिक, साँस्कृतिक तथा भौतिक चिनारी सहितको पहिचान झल्काउन डिजिटल प्रोफाइल निर्माण गरिनेछ ।

१६७. नेटीलेख र नयाँडाँडामा रहेको टेलिफोन टावरको क्षमता वृद्धि गरी थप नयाँ ठाउँमा समेत टेलिफोनका टावर निर्माण कार्य अगाडि बढाइनेछ।

१६८. नगरपालिकाका सवै सवारी साधानहरुलाई व्यवस्थित सञ्चालन गर्न GPS जडान गरी प्रभावकारी ढङ्गले नियमन गरिनेछ।

१६९. नगरपालिकाको राडी, सिमबजार, खदी, गोतामकोट लगायतका घना बस्ती विकास भईरहेका क्षेत्रमा सौर्य बत्ती र CCTV जडान गरिनेछ।

१७०. नगरपालिकाको खेल क्षेत्रको विकासको लागि  नगरपालिकाको केन्द्रमा १ वटा सुविधा सम्पन्न कभर्ड हल, खेल मैदान र वडा स्तरमा खेलकुद कार्यक्रम सञ्चालनका लागि खेल मैदान निर्माण गरिनेछ। खेल प्रतियोगितामा उच्च स्तरीय प्रतिस्पर्धी उत्पादन गर्न प्रशिक्षक तथा खेलाडीहरुको तालिमको व्यवस्था गरिने छ।

१७१. **युवासँग सरकार, हुने छैनन वेरोजगार** भन्ने राष्ट्रिय नीतिलाई अंगिकार गर्दै श्रम र विकासमा युवाहरुलाई परिचालन गरिने छ। यस कार्यका लागि यूवाहरुलाई रोजगारमुलक तालिम सञ्चालन गरिनेछ।

१७२. नगरपालिकाका दुर्गम तथा पिछडिएका क्षेत्रमा रहेका गरिव तथा विपन्न घरपरिवारलाई लक्षित गरी **जनतासँग नगर प्रमुख कार्यक्रम** लागू गरिनेछ।

१७३. परिचय पत्र प्राप्त शहिद परिवार, घाइते, अपाङ्गता र वेपत्ताजनका परिवारलाई आत्मसम्मान हुने र आय आर्जन हुने किसिमको कार्यक्रम सञ्चालन गरिनेछ।

१७४. नगरपालिका भित्र स्थापना भएका उद्योगहरुको संरक्षण प्रवर्द्धन र विकासका लागि विशेष व्यवस्था गरिनेछ।

१७५. उद्धमी, नगरपालिका र कर्णाली प्रदेश सरकारको सहलगानीमा फलफूलमा आधारित उद्योगको प्रवर्द्धन गर्ने नीति लिइनेछ।

१७६. नगरपालिकाका विभिन्न क्षेत्रमा रहेका खानी पुरातात्विक र  ऐतिहासिक क्षेत्रको उत्खनन गरिने छ।

१७७. **"हाम्रो शहर हरियो नगर"** भन्ने नारालाई अंगिकार गर्दै प्रत्ये नगरवासीले घर आँगन तथा खुला ठाँउमा अनिवार्य वृक्षारोपण गर्ने नीति लिइनेछ। साथै, नगरपालिकाको क्षेत्राधिकारभित्र रहेका नदी तथा खोला किनारमा वृक्षारोपण कार्यक्रम अनिवार्य गरिनेछ।

१७८. नगरपालिकाको दिगो विकास र समृद्धिको लक्ष्य हासिल गर्न आवधिक योजना निर्माण गरि कार्यान्वयन गरिनेछ।

१७९. नगरपालिकाभित्रको लोक कला साहित्यको संरक्षण प्रवर्द्धन र विकास गर्न विशेष व्यवस्था गरिनेछ।

१८०. नगरपालिकाका पूर्वाधारहरुमा लगानीका विभिन्न वित्तीय उपकरण तथा स्रोत परिचालन गर्न नगर विकास कोषमा नगरपालिकाको शेयर स्वामित्व रहने गरी आवश्यक नीति लिइनेछ।

१८१. पूर्ण सरसफाई सम्बन्धी विशेष अभियान संचालन गर्दै एक घर एक धारा खानेपानीको आयोजनाहरुलाई पूर्णता दिन आवश्यक नीति लिइने छ। साथै पक्की धारा निर्माणमा जोड दिइने छ।

१८२. नगरपालिकाभित्र रहेका साना लघु जलविद्युत आयोजनाहरुलाई सञ्चालन गरिनेछ ।

१८३. उपभोक्ता हित संरक्षणलाई मध्यनजर गर्दै समय समययमा बजार अनुगमन कार्यलाई सघन बनाइनेछ ।

१८४. नगरपालिका भित्र तनाव व्यवस्थापन केन्द्र स्थापना गरी परामर्ष कार्य संचालन गरिने छ ।

१८५. यो नीति तथा कार्यक्रम निर्माणमा बिशेष मार्गदर्शन गर्नु हुने नेपाल सरकारका पूर्व अर्थमन्त्री तथा प्रतिनिधि सभा सदस्य माननीय जनार्दन शर्मा (प्रभाकर) ज्यू, कर्णाली प्रदेश सरकारका मूख्यमन्त्री माननीय राजकुमार शर्मा (आर्ट) ज्यू, कर्णाली प्रदेश सभा सदस्य माननीय महेन्द्र के.सी. (पारसमणी) ज्यू, जिल्ला समन्वय समितिका प्रमुख श्री लुम्बीनि गौतम ज्यू, कर्णाली प्रदेश सरकारका पूर्व अर्थमन्त्री गोपाल शर्मा (अनल) ज्यू, पूर्व कृषि तथा सहकारी मन्त्री विमला के.सी. ज्यू, यस नगरपालिकाको विकास र समृद्विको लागि विशेष पहल गर्नु हुने पूर्व कर्णाली प्रदेश सरकारका मन्त्री रातो कामी (आर.टी.)ज्यू, आठविसकोट नगरपालिकाको सम्बृद्धिमा अहोरात्र खटिइ रहनु भएका पूर्व नगर प्रमुख श्री गोर्खबहादुर केसी (सन्देश) ज्यू लगायतका जनप्रतिनिधीहरुलाई यो अवसरमा नगरबासीको तर्फबाट हार्दिक आभार ब्यक्त गर्दछु ।

**अन्त्यमा,**

नगरपालिकाको समृद्धि, विकास र उन्नतीमा निरन्तर सहयोग गर्ने, सद्भाव राख्ने आम नागरिक, करदाता, सरकारी/गैरसरकारी तथा सामुदायिक संस्थाहरुप्रति हार्दिक आभार व्यक्त गर्दै नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा सबैको सकारात्मक सहयोग हुनेछ भन्ने अपेक्षा गर्दछु ।

मिति : २०८०/०३/१० गते

---------------- धन्यबाद -------------

आठविसकोट नगरपालिका, रुकुम (पश्चिम)